# मर्कूसको पुस्तक

# (The Book of Mark)

## (मिसन कथा सहित)


लेखक:

थोमस आर. शेफर्ड

(Thomas R. Shepherd)

भावानुवादक:

भजुराम तखाछैं श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२४ (बि.सं. २०८१)


<u>ईन्टरनेट वेबसाईटहरु</u> :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php*

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०८० (ई.सं. २०२४)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
☎ ९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ☎ ९८४१७१५०९५
केशव राई, ☎ ९८४२५३३९५१

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## मर्कूसको सुसमाचार

मर्कूसको सुसमाचार पढ्दा सुरुदेखि नै पाठकले येशू को हुनुहुन्छ भनेर चिनेको हुन्छ-उहाँ मसीह, परमेश्वरको पुत्र (मर्कूस १:१)। अचम्मको कुरो के छ भने दुष्ट आत्माहरूले बाहेक मानिसहरूले येशू को हुनुहुन्छ र उहाँ के हुनुहुन्छ भनेर बुझ्न धेरै सङ्घर्ष गरेका थिए। दुष्ट आत्माले उहाँ को हुनुहुन्छ भनेर ठ्याक्कै थाहा छ। सैतानका दूतहरूलाई उहाँ को हुनुहुन्छ भनेर चिन्छन् र उहाँका शक्तिशाली बोलीहरूका सामु तिनीहरू खर्‍याङ्गखुरुङ्ग अर्थात सिथिल हुन्छन्।

तर उहाँ को हुनुहुन्छ भन्ने जानकारी गुपचुप राख भनेर येशूले बारम्बार आदेश दिनुहुन्छ। गुपचुप राख्ने उहाँको आदेश किन हो? बाइबलका विद्यार्थी वा विद्वानहरूले यो प्रश्न शताब्दीयौँदेखि बुझ्न कोशिश गरिरहेका छन्। अझ विद्वानहरूको बिचमा यो पनि नाउँ दिएको छ-मसीही गोप्य। येशू को हुनुहुन्छ भन्ने जानकारी गुपचुप राख भनेर सुसमाचारले किन चाहन्छ?

मर्कूसको पुस्तकको अध्ययन गर्ने क्रममा उहाँको बारेमा रहस्यमय राख भन्ने चाहना मात्र होइन उहाँ को हुनुहुन्छ भनेर चकित पार्ने प्रकाश वा प्रकटहरू पनि छन्। यथार्थमा भन्ने हो भने यो पुस्तकको आशय प्रकाश वा प्रकट र रहस्य भने पनि हुन्छ। उहाँको बारेमा रहस्यहरू गुपचुप राख भनेर आदेश दिएकै अन्तमा येशू को हुनुहुन्छ भनेर उहाँको बारेमा प्रभावकारी रूपमा प्रकट हुनगएको पाइन्छ।

मर्कूसको पुस्तक दुई विशेष श्रेणीहरूमा विभाजन गर्न सकिन्छ। त्यस पुस्तकको आधा र अन्तसम्म येशूको चिनारी आफ्नै तरिकाले दिएको पाउँछौं। यस पुस्तकको अध्याय एकदेखि आठको समाप्तीमा येशू को हुनुहुन्छ भन्ने निर्णायक प्रश्नको बारेमा चर्चा गरिएको छ। त्यसको जवाफ उहाँका शिक्षा र आश्चर्य कामहरूले प्रकट गरिएको छ। बारम्बार उहाँले खराबलाई पछार्नुहुन्छ। दबिएकाहरूलाई उहाँले आशा दिनुहुन्छ। मानिसको अस्तित्वलाई नै हाँक दिने प्रभावकारी सत्यहरू उहाँले सिकाउनुहुन्छ। उहाँका शिक्षाहरू मानव हृदयमा खोपिन पुगेको हुन्छ। यस पुस्तकले येशू मसीह हुनुहुन्छ, ख्रीष्ट हुनुहुन्छ जसको निम्ति यहूदीहरू पर्खिरहेका छन् भनेर बुलन्द आवाज निकाल्दछ।

तर, यस पुस्तकको मध्य भागमा दुष्ट आत्माको नियन्त्रणमा रहेको मानिसले होइन अर्कैले उहाँ को हुनुहुन्छ भनेर ठिकसँग उत्तर दिन्छ। त्यसको अर्थ यस पुस्तकको पहिलो आधामा येशूको परिचयको बारेमा चर्चा गर्दछ। त्यो व्यक्ति अरू कोही नभएर पत्रुस नै हो, जसले यो घोषणा गर्दछन्, "तपाईं ख्रीष्ट हुनुहुन्छ" (मर्कूस ८:२९)। येशू कहाँ जाँदै हुनुहुन्छ भन्ने अर्को प्रश्न मर्कूस ८:३१देखि अन्तसम्म चर्चा गर्दछ। त्यो प्रश्नको जवाफ चकित पार्छ। उहाँ त क्रूसमा पो जाँदै हुनुहुन्छ। यो रोमी संसारमा अत्यन्तै बेइज्जत, अपमानजनक र लज्जास्पद मृत्यु थियो। मसीहको निम्ति यो कसैले अपेक्षा नगरेको लक्ष्य थियो। उहाँले रोमी साम्राज्यलाई परास्त्र पारेर इस्राएल अत्यन्तै शक्तिशाली यहूदी धर्म राष्ट्र उहाँले स्थापना गर्नुहुनेछ भनेर  उहाँका अनुयायीहरूले अपेक्षा गरेका थिए।

येशूले के भन्न खोज्नुभएको थियो सो ती गनगनाएका चेलाहरूको मगजमै घुसेको थिएन। जब किताब अघि बढ्छ, त्यस पीडादायी विषयमा तिनीहरूले सोध्न कम गरेका थिए। अन्तमा आएर चेलाहरूले मन नपरेको सत्यको बारेमा मुख खोल्न पनि असमर्थ हुन पुगेको थियो।

जब येशूको मृत्युको घन्टा धार्मिक अगुवाहरूले बजाउन थालेका थिए तब चेलाहरूको निम्ति परिस्थिति अन्धकार र नाजुक हुन पुगेको थियो। तेजस्वी, प्रतापी र महिमामय राज्यको आशा गर्ने चेलाहरूको निम्ति येशूको पक्राउ, उहाँको विरुद्धमा मुद्दा र क्रूसका टाँगिने फैसला सुन्नुपर्दा तिनीहरू चकित मात्र भएनन् उहाँप्रतिको  प्रेम र विश्वासमा समेत ठूलो धक्का पुगेको थियो।

तर ती सबै मामिलाहरूको बिचमा पनि येशूले आफ्नो अडान स्पष्ट र लक्ष्यलाई निरन्तरता दिनुभएको थियो। उहाँ कहाँ जाँदै हुनुहुन्छ, उहाँको मृत्युको सन्देश के हो र उहाँको हुनेवाला पुनरुत्थानको अर्थ के हो सो सन्देशमा उहाँ अडिग हुनुभएको थियो। आखिरी भोजनमा उहाँले प्रस्तुत गर्नुभएको रोटी र कचौराले उहाँको शरीर र रगतलाई (मर्कूस १४:२२-२५) प्रतिनिधित्व गरेका थिए, र उहाँले धेरैको निम्ति मुक्तिधन तिरी दिने प्रावधान उपलब्ध गराएको थियो (मर्कूस १०:४५)।

त्यसको अर्थ उहाँ क्रूसमा कठोर र असंवेदन मनस्थिति लिएर जानुभएको थिएन। आफू क्रूसमा चढ्ने पर्ने निर्णय प्रति गेतसमनीमा ठूलो सङ्घर्ष गर्नुभएको थियो (मर्कूस १४:३२-४२)। अत्यन्तै शोकाकुल भएर उहाँले क्रूसमा यो पीडा व्यक्त गर्नुभएको थियो, "हे मेरा परमेश्वर, मेरा परमेश्वर,

तपाईंले मलाई किन त्यागनुभयो" (मर्कूस १५:३४)। मर्कूसको सुसमाचारले येशूको अन्धकारमय क्षणको अनुभव प्रस्तुत गरेको छ। हाम्रो मुक्तिको मोल उहाँले कसरी चुकाउनुभयो भनेर मर्कूसले मर्माहत रूपमा प्रस्तुत गर्दछ। तर मृत्यु वा क्रूस नै जीवनको यात्राको अन्त्य होइन। उहाँको पुनरुत्थान पछि येशूले उहाँका चेलाहरूसँग गालिलीमा भेट्ने योजना बनाउनु भएको थियो। त्यहाँ चर्च वा विश्वासीहरूको समूहको सुरु भएको थियो।

सुसमाचारका लेखकले प्रस्तुत गरेको येशूको  कथा अत्यन्तै अचम्म लाग्दो छ। यो छोटो लघुकथा हो। द्रुत गतिमा लेखकले आफ्नो टिप्पणी अलि अलि भएपनि लेख्दछन्। नाजरथको येशूको जीवन र मृत्युको बारेमा मर्कूसले सरल तरिकाले प्रस्तुत गर्दछन्। उहाँका वचन र काम र क्रियाकलापलाई मिठास र छोटो तरिकाले लेखेकले प्रस्तुत गर्दछन्।

*यस अध्ययन पुस्तकका लेखक थोमस आर. शेफर्ड पिएच डी., डिआपिएच आन्ड्र्युज युनिभर्सिटीको सेभेन्थ-डे थियोलोजिकल सेमिनारीको नयाँ करारको बरिष्ठ खोजअनसुन्धान प्रोफेसर हुनुहुन्छ। उहाँ र उहाँकी श्रीमती शेरीका दुई हुर्किएका छोराछोरीहरू र नाति र नातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. सुसमाचारको सुरु | १ |
| २. येशूको सेवाकार्यको दिन | १३ |
| ३. मतभेदहरू | २५ |
| ४. अर्ती कथाहरू | ३८ |
| ५. तालमा आश्चर्य कामहर | ५१ |
| ६. भित्र बाहिर | ६७ |
| ७. चेलाहरूलाई शिक्षादीक्षा- भाग १ | ८० |
| ८. चेलाहरूलाई शिक्षादीक्षा- भाग २ | ९४ |
| ९. यरुशलेम विवादहरू | १०९ |
| १०. अन्तिम दिनहरू | १२४ |
| ११. पक्राउ र मुद्दा | १३७ |
| १२. मुद्दाको फैसला र क्रूसमा टाँगिएको | १५१ |
| १३. पुनरुत्थान भएको प्रभु | १६५ |

# अस्थायी पाना

सुझावः त्रैमासिक अध्ययन असोज ११, २०८१ (September 27, 2024) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १५-२१ (June 29-July 5) |
| २ | अध्याय २ | असार २२-२८ (July 6-12) |
| ३ | अध्याय ३ | असार २९-श्रावण ४ (July 13-19) |
| ४ | अध्याय ४ | श्रावण ५-११ (July 20-26) |
| ५ | अध्याय ५ | श्रावण १२-१८ (July 27-August 2) |
| ६ | अध्याय ६ | श्रावण १९-२५ (August 3-9) |
| ७ | अध्याय ७ | श्रावण २६-३२ (August 10-16) |
| ८ | अध्याय ८ | भाद्र १-७ (August 17-23) |
| ९ | अध्याय ९ | भाद्र ८-१४ (August 24- 30) |
| १० | अध्याय १० | भाद्र १५-२१ (August 31-September 6) |
| ११ | अध्याय ११ | भाद्र २२-२८ (September 7-13) |
| १२ | अध्याय १२ | भाद्र २९-असोज ४ (September 14-20) |
| १३ | अध्याय १३ | असोज ५-११ (September 21-27) |